# तिला गाउँपालिकाको मर्मत सम्भार कोष संचालन कार्यविधि-२०८३

गाँउ कार्यपालिकाको बैठकबाट पारित मितिः-२०८३।०६।१४

तिला गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

डुन्डेलि, जुम्ला

कर्णाली प्रदेश, नेपाल

मिन राज थापा

प्रमुख प्रशासकिय अधिकृत

# तिला गाउँपालिकाको मर्मत, सम्भार कोष संचालन कार्यविधि-२०८३

**प्रस्तावना:-** तिला गाँउपालिकाले संचालन गर्ने आयोजना,विकास निर्माणका कामहरु,सम्पदा हरु तथा भौतिक पूर्वाधारहरुको मर्मत तथा सम्भार गरि लागत प्रभावकारीता, खर्च मितव्ययिता र दिगो वनाउन आवश्यक भएकाले र मर्मत सम्भारलाई व्यवस्थित गरी नियमन गर्ने र जवाफदेही बनाउन वाञ्छनीय देखिएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ (संशोधन सहित) को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी तिला गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

**१.सक्षिप्त नाम र प्रारम्भ :-**

(क) यो कार्यविधिको नाम "तिला गाउँपालिकाको मर्मत संभार कोष संचालन कार्यविधि, २०८३" रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भए पश्चात लागु हुने छ ।

**२.परिभाषा** :- विषय वा प्रंसगले अन्य अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "कार्यविधि" भन्नाले तिला गाउँपालिकाको मर्मत सम्भार कोष संचालन कार्यविधि, २०८३ लाई बभ्काउने छ ।

(ख) "गाउँपालिका" भन्नाले तिला गाउँपालिकालाई बुझाउने छ ।

(ग) "गाउँ कार्यपालिका" भन्नाले तिला गाउँ कार्यपालिकालाई बुझाउने छ ।

(घ) "स्थानीय तह" भन्नाले तिला गाउँपालिकालाई बुझाउने छ ।

(ङ) "उपभोक्ता समिति" भन्नाले गाउँपालिकाका टोल र वस्ती क्षेत्रमा सञ्चालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समूहबाट उक्त योजना संचालन गर्न बनेको संगठन भन्ने बुझाउने छ ।

च) "अध्यक्ष" भन्नाले तिला गाउँपालिकाको अध्यक्ष बुझाउने छ ।

छ) "प्रमख प्रशासकीय अधिकृत" भन्नाले तिला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउने छ ।

ज) "भौतिक पूर्वाधार" भन्नाले गाउँपालिका क्षेत्रभित्रका सडक, ढल, पुल, कर्ल्भट, कुलो, खानेपानी, तटवन्धन, भवन, खुला मैदान तथा यस्तै अन्य सार्वजनिक संरचनाका अतिरिक्त पुरातात्विक, सांस्कतिक, ऐतिहासिक सम्पदा वा अन्य पूर्वाधार समेतलाई सम्झनुपर्छ ।

झ) "समिति" भन्नाले यो कार्यविधि बमोजिम गठन हुने समितिलाई वुझाउने छ ।

**३.कार्यविधिको उद्देश्य :-**

क) भौतिक पूर्वाधारहरु दिगो रुपमा सञ्चालन भईरहने अवस्थाको सृजना गर्ने ।

ख) स्थानीय श्रम, सीप र प्रविधिमा मर्मत सम्भार गर्ने ।

ग) समयमा नै मर्मत सम्भार गरी थप धन-जन र संरचनाको नोक्सानी हुनवाट जोगाउने ।

घ) मर्मत सम्भार कार्यमा स्थानीय जनसमुदायको सहभागिता र अपनत्व वृद्धि गरी स-साना मर्मत सम्भार तथा आयोजनाहरुबाट निरन्तर लाभ लिने क्षमताको विकास गर्ने ।

ङ) पुराना योजनाहरुलाई बीचमै रोकेर नयाँ योजना माग गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने ।

मिन राज शाही
प्रमुख प्रशासकिय अधिकृत

## परिच्छेद-२

**४. मर्मत सम्भार कोष व्यवस्थापन समिति :-**

(१) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले सञ्चालन गर्न देहाय बमाजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहने छ :

क) गाउँपालिका अध्यक्ष-अध्यक्ष

ख) गाउँपालिका उपाध्यक्ष-सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत-सदस्य

घ) गाँउ कार्यपालिकाका सदस्यहरु मध्येबाट अध्यक्ष ले तोकेको १ जना महिला सदस्य -सदस्य

ङ) सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य

च) योजना शाखा प्रमुख- सदस्य

छ) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

ज) पूर्वाधार विकास शाखा प्रमुख -सदस्य सचिव

(२) समितिको बैठक कम्तिमा ३ महिनामा एकपटक बस्नेछ तर आवश्यकता अनुसार अध्यक्ष को आदेशले जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ ।

(३) बैठकमा आवश्यकता अनुसारका सम्वद्ध विशेषज्ञ तथा कर्मचारीहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) समितिको बैठक भत्ता गाँउ कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

**५. मर्मत सम्भार कोष व्यवस्थापन समितिका काम, कर्तव्य र अधिकार:-**

(१) मर्मत सम्भार कोष व्यवस्थापन समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिका क्षेत्रभित्रका विभिन्न आयोजनाहरुको प्राथमिकता तोकी मर्मत एकिकृत सम्भारको वार्षिक कार्यक्रम बनाउने ।

(ख) मर्मत सम्भार कोषलाई मजबुत ,दिगो र प्रभावकारी बनाउन स्रोत साधनको पहिचान तथा व्यवस्थापन गर्ने ।

(ग) सडक, ढल, खानेपानी, सिचाईं, पुल, कल्भर्ट, तटवन्धन, भवन, सम्पदा लगायतका क्षेत्रहरुका नियमित, पटके, आवधिक वा आकस्मिक मर्मत सम्भार ⁄स्तरोन्नती सम्बन्धी व्यवस्थापकीय कार्यहरु गर्ने ।

(घ) मर्मत सम्भारलाई दिगो र भरपर्दो बनाउने उपायहरुको खोजी गर्ने ।

(ङ) मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्यूनिकरण गर्न तत्सम्बन्धी कार्ययोजना बनाउने ।

(च) मर्मत सम्भार सम्बन्धी कार्यका अनुगमन तथा निरीक्षण गर्ने ।

(छ) आवश्यकता अनुसार आकस्मिक मर्मत टोली गठन गरी कार्य जिम्मेवारी तोकी मर्मत सम्भारको कार्यलाई छिटो, छरितो र प्रभावकारी वनाउने ।

ज) आपत्कालीन अवस्थामा पूर्वाधार मर्मत गर्ने कार्यमा गाउँपालिकालाई आवश्यक सहयोग गर्ने ।

मिन राज थापा
प्रमुख प्रशासकिय अधिकृत

## परिच्छेद-३

**६.मर्मत सम्भार कोष स्थापना :-**

(१) मर्मत सम्भार कोषका नामले एउटा छुट्टै कोषको स्थापना गरिने छ, जसमा देहाय बमोजिमका रकम जम्मा हुनेछ :

क) नेपाल सरकारबाट प्राप्त अनदान रकम ।

ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

ग) गाउँसभाबाट विनियोजन हुने रकम ।

घ) गाँउपालिकाका योजनाहरुको विनियोजीत बजेटको
१ % ले हुन आउने रकम ।

ङ) कुनै व्यक्ति वा संस्था वा निकाय वा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स हरुबाट प्राप्त हुने अनुदान रकम ।

च) अन्य निकायबाट मर्मत सम्भार वापत प्राप्त हुने रकम ।

**७.कोष संचालन प्रकृया :-**

क) कोषको नाममा प्राप्त हुन आएको रकम मर्मत सम्भार कोष खाता खोली जम्मा गरिने छ ।

ख) सडक, भवन, खानेपानी लगायतका संरचनाको मर्मत सम्भार गर्नुपर्ने आवश्यकता पहिचान तथा मर्मत सम्भारको सिफारिस सम्बन्धित वडाले गाँउपालिकामा दिनुपर्नेछ ।

ग) गाँउपालिकामा निवेदन दर्ता भयपछि प्रमुख प्रशासकीय अधिकृत ले प्राविधिक खटाई मर्मत सम्भार गर्नुपर्ने संरचनाको लागत ईस्टिमेट गर्न लगाउनु पर्नेछ ।

घ) प्राविधिकबाट लागत अनुमान प्राप्त भयपछि मर्मत सम्भार कोष व्यवस्थापन समितिको बैठकको निर्णयबाट निर्णय गराइ प्रमुख प्रशासकीय अधिकृत ले योजना सम्झौता गरि कार्यादेश दिनुपर्नेछ ।

ङ) कार्य सम्पन्न पश्चात प्राविधिक मुल्याङ्कन, बिल भरपाइ, अनुगमन समितिको प्रतिबेदन र वडाको सिफारिसको आधारमा सम्बन्धित पक्षलाई भुक्तानी दिनेछ ।

च) उपभोक्ता समिति मार्फत मर्मत सम्भार गर्नुपरेमा लागत अनुमान मा गाँउपालिकाको नियमअनुसार जनसहभागिताको अंश देखाउनु पर्नेछ ।

छ) मर्मत सम्भार गर्नुपर्ने योजनाहरुको मर्मत सम्भार को काम अगाडि बढाउदा बजेटको सिलिङ अनुसार सार्बजनिक खरिद ऐन २०६३, ( संशोधन ऐन २०८३), सार्बजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को पुर्ण पालना गर्नुपर्नेछ ।

ज) प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुख को संयुक्त दस्तखतबाट कोष को खाता संचालन हुनेछ ।

झ) कोषको आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद-४

**८.कोषको खर्च गर्ने कार्य क्षेत्र :-**

(१) मर्मत सम्भार कोषमा जम्मा हुन आयको रकम देहाय वमाजिमको पूर्वाधार विकासको मर्मत सम्भारको नियमित, पटके र आकस्मिक मर्मत सम्भार सम्बन्धि कार्यमा मात्र खर्च गरिनेछः-

क) सडक, कल्भर्ट, पूल, झोलुङ्गे पुल, ढल आदिको मर्मत सम्भार सम्बन्धि कार्य ।

ख) सिचाई, खानेपानी, विधुत, सार्वजनिक स्थलको मर्मत सम्भार सम्बन्धि कार्य ।

ग) विध्यालयको भौतिक पूर्वाधार मर्मत सम्बन्धि कार्य ।

मिन राज थापा
प्रमुख प्रशासकिय अधिकृ

घ) सार्वजनिक निकायका भौतिक संरचना एंव भवनहरुको मर्मत सम्भार सम्बन्धि कार्य ।

ङ) सडक बोर्ड वा अन्य साझेदार निकाय सँगको साझेदारीमा गाँउपालिका भित्र गरिने सडक मर्मत कार्य ।

च) मर्मत सम्भार कोष व्यवस्थापन समितिले आवश्यक ठानेका अन्य कार्य ।

छ) ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक सम्पदाहरुको मर्मत सम्भार कार्य ।

ज) मर्मत सम्भार कोषको प्रयोगबाट निर्माण भएका भौतिक संरचनाको मर्मत सम्भार सम्बन्धि कार्य गर्ने बाहेक नयाँ ट्र्याक खोल्ने, नयाँ योजना संचालन गर्ने र कार्यालयको प्रशासनिक खर्च जस्ता कार्यमा खर्च गरिने छैन ।

**९. मर्मत सम्भारका लागि छनौटको मापदण्ड :-**

उपभोक्ता समितिबाट र वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानीय हाटबजार व्यवस्थापन समितिबाट मर्मत सम्भारका लागि एकीकृत बार्षिक कार्यक्रममा समावेश गर्न भनी माग भई आएका योजनाहरु र गाउँपालिकाले आवश्यक ठानेका मर्मत सम्भारका कार्य देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्नेछ ।

क) सबैभन्दा बढी क्षति भएका भौतिक संरचनाहरु ।

ख) भौतिक संरचना तथा पूर्वाधारको महत्वका आधारमा ।

ग) लाभान्वित हुने जनसंख्या वा घरधुरीका आधारमा ।

घ ) मर्मत सम्भारबाट हने लाभका आधारमा ।

ङ) सार्वजनिक भौतिक संरचनाको दीर्घकालीन उपयोगिता र आवश्यकताका आधारमा ।

च) तत्काल मर्मत सम्भार गर्नुपर्ने आवश्यकताको आधारमा ।

छ) गाँउ यातायात गुरु योजना MTMP मा परेका सडकहरु ।

ज) दुई वा दुई भन्दा बढी स्थानीय तहलाई जोड्ने सडक, कृषि सडक, ग्रामिण सडक, पुल पुलेसा, कल्भर्ट, कुलो , बाँध आदी ।

## परिच्छेद-५

**१०.मर्मत सम्भार कार्य गराउने व्यवस्था :-**

गाँउपालिकाको क्षेत्र भित्र रहेका भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार, पट्के मर्मत सम्भार, आबधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार स्थानिय उपभोक्ताबाट अधिकतम रुपमा स्थानिय स्रोत साधन र जनशक्तिको प्रयोग गरि जनसहभागिता जुटाई प्रभावकारी रुपमा सन्चालन गरिनेछ । गाँउपालिकाको क्षेत्र भित्र रहेका भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार, पट्के मर्मत सम्भार, आबधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार प्रचलित कानून बमोजिम हुनेछ ।

**११.अनुगमन तथा सुपरीवेक्षण :-**

मर्मत सम्भार कोषवाट सन्चालन हुने मर्मत सम्भार कार्यको अनुगमन तथा मूल्यांकन देहाय वमोजिम हनेछ ।

(क) प्रत्येक मर्मत कार्यको वडास्तरिय/पालिकास्तरिय अनुगमन समितिवाट अनुगमन गर्नुपर्नेछ ।

(ख) आवश्यकता अनुसार मर्मत सम्भार कोष व्यवस्थापन समितिवाट समेत मर्मत कार्यको अनुगमन गर्नुपर्नेछ ।

मिन राज थापा
प्रमुख प्रशासकिय अधिकृ

(ग) वडास्तरिय/पालिकास्तरिय अनुगमन समितिले अनुगमनको प्रतिवेदन चौमासिक रुपमा मर्मत सम्भार कोष व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(घ) अनुगमन प्रतिवेदनमा औल्याइएका सुझावहरुलाई मर्मत सम्भार कोष व्यवस्थापन समितिमा छलफल गरी आवश्यक सुधार गर्नु पर्नेछ ।

## परिच्छेद-६

**१२. संशोधन खारेजी तथा बचाउ :-**

(१) मर्मत सम्भार कोष संचालन कार्यविधि परिमार्जन, संशोधन वा खारेज गर्नु परेमा समितिको सिफारिसमा गाउँ कार्यपालिकाबाट हुने छ ।

(२) यस कार्यविधिमा लेखियका कुराहरु प्रचलित कानून र स्थानीय सरकार संचालन ऐन २०७४ सँग बाझियको हदसम्म स्वतः निष्कृय हुनेछ ।

(३) यो कार्यविधिमा उल्लेख गरिएका कुराहरुको हकमा यस कार्यविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन, कानुन एवं नियम अनुसार हुनेछ ।

(४) यो कार्यविधि जारी हुनु भन्दा अघि भएको काम कार्वाही यसै कार्यविधि बमोजिम भयको मानिनेछ ।

मिन राज थापा

प्रमख प्रशासकीय अधिकृत

मोतिलाल रोकाया

गा पा अध्यक्ष